**चट्याङबाट बच्ने उपायः**
- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
epratekdaily.com

**जनहितमा जारी सन्देश**
गर्मी चर्केकोले वनजङ्गलमा डढेलो लाग्दा बाहिरको वायुमण्डल प्रदूषित हुन्छ । धूलो, धूवाँले स्वास्थ्यमा नराम्रो असर पार्छ । सतर्क बनौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 02 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७०

## स्थानीय तहको तारोमा नदीखोला, चरम उत्खननले समस्या निम्तिंदै

प्रस, निजगढ, १९ जेठ/

चुरे र पूर्व–पश्चिम महेन्द्र राजमार्गसँग जोडिएका अधिकांश स्थानीय पालिकाले नदीखोलाको चर्को दोहन गर्दै आइरहेका छन् । विश्वको कान्छो पर्वत शृङ्खला चुरे पहाडदेखि १५ किलोमिटर दक्षिणसम्मका स्थानीय पालिकाहरूले आन्तरिक राजस्व सङ्कलन गर्न आसपासका नदीखोलामा नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गरेर प्राकृतिक स्रोतसाधनको निर्मम दोहन गर्दै आइरहेका छन् ।

नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्न वातावरणीय परीक्षण प्रतिवेदन नबनाइ नहुने स्थानीय पालिकाहरूलाई कानूनी बाध्यता छ । स्थानीय पालिकाहरूले वातावरणीय परीक्षण प्रतिवेदनलाई कागजी खोस्टोको रूपमा प्रयोग गर्दै आइरहेको वातावरणविद्हरू बताउँछन् । प्रतिवेदनमा तोकिएका, समेटिएका गम्भीर प्रकृतिका बुदाँहरूलाई स्थानीय तहलगायत अन्य सरोकारवाला निकायहरूले गम्भीरतापूर्वक लिने गरेका पाइँदैनन् । वातावरणीय परीक्षण प्रतिवेदन नदीजन्य पदार्थलाई उचितरूपमा प्रयोग र व्यवस्थापन गर्न तयारी गरिन्छ । तर प्रतिवेदनविपरीत खोलाहरूको चरम उत्खनन हुने गरेको छ । मधेस प्रदेशका अधिकांश स्थानीय तह नदीजन्य पदार्थको उत्खनन गर्नमा मात्र लागेका चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका केन्द्रीय अध्यक्ष सुनील यादव बताउँछन् ।



चुरे र वन क्षेत्र आसपासमा जथाभावी नदीखोला उत्खननले पानीको जटिल समस्या निम्तिएको छ । चुरे, वनजङ्गल संरक्षणको लागि पदयात्रा । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

खोला ठेक्का लगाउने स्थानीय पालिकाहरूले ठेकेदारलाई नै खोला सुम्पिदिन्छन् । स्थानीय पालिकाहरूले नदीजन्य पदार्थको उत्खननस्थलको प्रभावकारी अनुगमन गर्दैनन् । चुरे, वनजङ्गलको संरक्षणका निम्ति संस्थाले सात वर्षदेखि निरन्तर आवाज उठाउँदै विभिन्न सचेतनामूलक एवं दबाबका कार्यक्रम गरे पनि स्थानीय, प्रदेश र सङ्घीय सरकारले खासै ध्यान नदिएको अध्यक्ष यादवको आरोप छ । आधा जनसङ्ख्या बसोवास गर्ने चुरे, तराई–मधेसलाई प्राकृतिक विपत्तिबाट जोगाउन यहाँका चुरे, वनजङ्गल, नदी, खोलाको न्यायोचित संरक्षण गर्नुपर्नेमा अध्यक्ष यादव जोड दिन्छन् ।

प्राकृतिक स्रोत साधनको संरक्षणविना तराई–मधेसको संरक्षणको कल्पना पनि गर्न नसकिने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंह बताउँछन् ।

"कुनै न कुनै नाममा चुरे, वनजङ्गल विनाश, नदीखोलाको चरम उत्खननले तराई–मधेसमा पानीको स्रोत घट्दै गई दिन प्रतिदिन खडेरी बढ्दै जाने, भूमिगत पानीको स्रोत तल भासिंदै जाने, वातावरण असुन्तलन भई गर्मीयाममा अत्यधिक गर्मी हुने, वर्षायाममा अत्यधिक वर्षा हुने जस्ता प्राकृतिक विपत्ति आउन सक्ने डिएफओ सिंह बताउँछन् ।

मधेस प्रदेशसहित सम्पूर्ण तराई क्षेत्रमा पानीको हाहाकार दिन प्रतिदिन बढ्दै गइरहेको छ । यस्ता विपत्तिलाई न्यूनीकरण गर्न सरोकारवाला निकाय सचेत, सजग हुनुपर्ने जानकारहरू बताउँछन् ।

प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन गर्न वातावरणीय परीक्षण प्रतिवेदनमा जिपिएस प्वाइन्ट एकातिर देखाएर अर्कोतर्फबाट मनलाग्दी चरम उत्खनन गरिन्छ । वातावरणीय परीक्षण प्रतिवेदन वैज्ञानिक ढङ्गबाट नदीखोलामा थुप्रिएर रहेका नदीजन्य पदार्थ उपयोग गरी आम्दानी लिन सक्ने आधारमा व्यवस्थितरूपमा नदीजन्य पदार्थहरू ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल (दहत्तर बहत्तर) उत्खनन, सङ्कलन गर्न सकिने दस्तावेज हो ।

आन्तरिक राजस्वको रूपमा ठेक्का बन्दोबस्ती गर्ने, यसबाट प्राप्त हुने रकमबाट त्यही नदीखोलाको संरक्षण गरी अन्य विकास कार्यमा खर्च गर्ने अधिकार स्थानीय पालिकालाई छ ।

(बाँकी अन्तिम पातामा)

## अनियमित उत्खनन रोकिएन, ट्याक्टर र चालक पक्राउ


तस्वीरः प्रतीक

नरेश यादव, १९ जेठ/

वीरगंज महानगरपालिका–३१ स्थित भेडाहा खोलाबाट अवैध उत्खनन गर्ने दुईवटा ट्याक्टरसहित चालकहरूलाई पक्राउ गरिएको छ ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको टोलीले नदीको किनारबाट नदीजन्य पदार्थ उत्खनन गर्दै गरेका दुईवटा ट्याक्टर र सोका चालकहरूलाई नियन्त्रणमा लिएको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढामगरले बताए । उनले पर्सागढी नपामा पर्ने नदीको किनारबाट ट्याक्टर र चालकहरू नियन्त्रण लिएर पर्सागढी नपालाई पत्रसहित बुझाएको बताए ।

नदी किनारबाट नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने सम्झौतापत्रमा उल्लेख रहेको तर सोही क्षेत्रबाट उत्खनन भइरहेकोले नियन्त्रणमा लिएको प्रनि बुढामगरले बताए । अहिले पर्साका नदीहरूबाट सम्झौताविपरीत नदीजन्य पदार्थको उत्खनन बढ्दो छ । यही जेठ मसान्तपछि नदीजन्य पदार्थ उत्खननमा तीन महीनाको लागि रोक लाग्ने हुँदा ठेक्का भएका दुईवटा खोला सिंघही र भेडाहाबाहेक ठेक्का नलागेका कर्जनिया, ओरियालगायत चारवटा गरी पर्सा जिल्लाका छवटै खोलाबाट अवैध उत्खनन जारी छ ।

ठेक्का लागेका खोलाहरूबाट एकै सिरियल नम्बरका दुईवटा बिलको प्रयोग भइरहेको छ । तीन फिटभन्दा बढी गहिरो खन्न नपाइने नियमको पालना गरिएको छैन, राति नदीजन्य पदार्थको उत्खनन गर्न नपाइने नियमको पनि उल्लङ्घन भएको स्थानीयहरू बताउँछन् ।

शुक्रवार मात्र भेडाहा खोलाबाट एकै सिरियल नम्बरका दुईवटा बिल काटेको कसूरमा प्रहरीले ठेकेदारका दुईजना कर्मचारीलाई नियन्त्रणमा लिएको थियो ।

## दालको कच्चा पदार्थ आयातमा अग्रिम आयकर लागेपछि उद्योग बन्द गर्ने चेतावनी

प्रस, परवानीपुर, १९ जेठ/

आर्थिक वर्ष २०८१/८२ को बजेटमा तयारी दालको कच्चा पदार्थ दालका गेडागुडी आयातमा सरकाले लगाएको १० प्रतिशत आयकरको उद्योगीहरूले विरोध गरेका छन् ।

नेपाल चामल तेल दाल सङ्घले विज्ञप्ति जारी गर्दै सरकारको यस कार्यको विरोध गरेको छ । सङ्घका अध्यक्ष कुमुद दुगडद्वारा हस्ताक्षरित विज्ञप्तिमा नेपाल सरकारले दाल उद्योगको कच्चा पदार्थ दालका गेडागुडी आयातमा लगाइएको थप १० प्रतिशत अग्रिम



आयकर सान्दर्भिक नदेखिएकोले सोलाई हटाउन माग गरेका छन् । चालू आवमा तयारी दालको कच्चा पदार्थ दालका गेडागुडी आयातमा १० प्रतिशत भन्सार महसूल मात्र रहेको छ ।

भन्सार महसूललाई पनि पाँच प्रतिशतमा झार्न उद्योगीहरूले विभिन्न मञ्चमा माग गर्दै आएका छन् । तर सरकारले दालको कच्चा पदार्थ आयातमा भन्सार महसूल घटाउनुको साटो अग्रिम आयकर १० प्रतिशत थप लगाउँदा दाल उद्योगी मर्कामा पर्ने, उद्योग बन्द हुने अवस्थामा पुग्ने र सो करलाई नहटाए आफूहरू उद्योगमा ताला लगाएर सरकारलाई साँचो बुझाउने तयारीमा रहेको वीरगंजस्थित रूँगटा प्रोसेसिङ इन्डस्ट्रिजका सञ्चालक नारायण रूँगटाले बताए ।

उनले सरकारले आर्थिक विधेयकमा व्यापारिक प्रयोजनको लागि भने तापनि उद्योग र ट्रेडिङ प्रयोजन नखुलाएकोले सोही नीतिलाई टेकेर भन्सार अधिकारी र अन्य निकायले दाल उद्योगीसँग सो कर लिने त्रास पैदा भएकोसमेत बताए । सो कर लागू भए दाल आयातमा १० प्रतिशत भन्सार महसूल र १० प्रतिशत अग्रिम आयकर गरी कुल २० प्रतिशत कर लाग्ने र त्यसमा ढुवानी तथा अन्य

(बाँकी अन्तिम पातामा)

## आकस्मिक रक्तदानमा ७५ जना सहभागी



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १९ जेठ/

रक्तसञ्चार केन्द्र वीरगंजमा रगत अभाव भएपछि शनिवार वीरगंज महानगरपालिका–१० वडा कार्यालयको आयोजनामा सम्पन्न रक्तदान कार्यक्रममा ७५ जना सहभागी भएका छन् । वडाध्यक्ष सुशील साह कानूले रक्तदान गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए ।

घडीअर्वा स्पोर्ट्स क्लबको सहयोगमा वडा समिति कार्यालयले आयोजना गरेको रक्तदानमा चारजना महिलासहित ७५ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका राजन रौनियारले बताए ।

कार्यक्रममा सन्तोष जैसी, पवन प्रधान, लक्ष्मी शर्मा, सन्तोषी देवी, इन्दुशोभा श्रेष्ठ, रञ्जु गिरी, आकाश अधिकारी, सन्तोष गुप्ता, लखनलालसाह कानू, सन्तोषकुमार साह, सुनील दासलगायतले रक्तदान गरेका थिए ।

## वीरगंज कपडा बैंकद्वारा सम्मान कार्यक्रम

प्रस, वीरगंज, १९ जेठ/

वीरगंज कपडा बैंकले स्थापना दिवसमा कार्यसमितिका पदाधिकारी, सदस्यहरू, कर्मचारी र सहयोगीहरूलाई शनिवार सम्मान गरेको छ ।

कार्यक्रममा संस्थाका संरक्षक सुरेन्द्र कुर्मीले कार्यसमितिका पदाधिकारी, सदस्यहरू, कर्मचारी र सहयोगीहरूका साथै सञ्चारगृह गरी १०७ जनालाई दोसल्ला ओढाएर प्रमाणपत्रसहित सम्मान गरेका थिए । कार्यक्रममा उनले सबैको प्रयासले अहिले कपडा बैंक बलियो बन्दैको बताए । उनले सहयोगी दाताहरूबाट प्राप्त कपडालाई संरक्षण गरी आवश्यकता भएकाहरूलाई दिंदै आएको र यसले समाजमा ठूलो योगदान पुगिरहेको बताए ।

उनले जसलाई जस्तो कपडा आवश्यक छ, त्यस्तै छानेर लाने व्यवस्था गरिएकोले बैंकबाट र सार्वजनिक स्थानमा आयोजित कार्यक्रमबाट कपडा लानेहरू सन्तुष्ट हुने गरेकाले आफूहरूलाई पनि आनन्द महसूस हुने गरेको बताए । उनले कपडा बैंकबाट कपडा लानेहरूको सङ्ख्या बढ्दै गएकाले पनि हाम्रो समाजमा गरीबीको अवस्था छर्लङ्ग भएको खाद्य बैंकको पनि आवश्यकता रहेको र त्यसतर्फ पनि प्रयास भइरहेको बताए ।


तस्वीरः प्रतीक

नागरिकको गास, बास र कपासको व्यवस्था गर्ने जिम्मेवारी सरकारको भएको तर सरकारमा हुनेहरू कुर्सी बचाउने खेलमा मात्र रुमलिने गरेकाले उनीहरू जनताप्रति अनुत्तरदायी बनिरहेको आरोप लगाए । उनले कपडा बैंक जस्तै कपडा बैंकका अध्यक्ष लालबाबू सिंहको अध्यक्षतामा भएको कार्यक्रममा नेजामुद्दीन समानी, बृजेश चौधरी, अभिषेक तिवारी, ओमप्रकाश सर्राफ, किरण सरकार, मोनिका सिंहलगायतले कपडा बैंकको कार्यको प्रशंसा गरेका थिए ।

## सिम्रौनगढ रेडक्रस सभापतिमा कुशवाहा सर्वसम्मत

प्रस, सिम्रौनगढ, १९ जेठ/

नेपाल रेडक्रस सोसाइटी सिम्रौनगढ उपशाखाको सातौं अधिवेशन सम्पन्न भएको छ । सिम्रौनगढ नगरपालिकास्थित उद्योग वाणिज्य सङ्घको सभाहलमा शनिवार सम्पन्न अधिवेशनले प्रदीपकुमार कुशवाहाको अध्यक्षतमा सर्वसम्मतरूपमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।



अधिवेशनबाट उपसभापति निषापति देवी, सचिव कृष्णानन्द गुप्ता, सहसचिव प्रभु गिरी, कोषाध्यक्ष प्रेमचन्द दास, सहकोषाध्यक्ष सन्दीप कुमार र सदस्यहरूमा शम्भु प्रसाद, लालबाबू प्रसाद, अजय कुमार, सन्ध्या देवी, वीरबहादुर कुशवाहा सर्वसम्मत निर्वाचित भएको निर्वाचन अधिकृत सन्तोष नेपालले बताए । अधिवेशन शम्भुप्रसाद कुशवाहाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## विचारसार र सूक्तिहरू

**मान्छेको कुरालाई कहिल्यै मनमा राख्नुहुँदैन किनभने उनीहरू अम्बा किन्ने बेलामा पनि मीठो छ ? भनेर सोध्छन् तर पछि नून दलेर खान्छन् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सादा जीवन–उच्च विचार

सादा जीवन–उच्च विचार हाम्रो संस्कृतिको मूलभूत सूत्र हो । हाम्रो संस्कृतिका प्रणेता ऋषिगण सादा जीवन उच्च विचारका पक्षपाती थिए; किनकि उनीहरूले जीवनको तत्त्व बुझेका थिए तथा बाह्य जीवनको सापेक्ष सत्यतासँग राम्ररी परिचित थिए ।

मानवीय चेतनाका मर्मज्ञ ऋषिगण आत्मसत्ताको सत्यबाट जीवन र समाजको सञ्चालनमा विश्वास गर्दथे।

प्रतिद्वन्द्विताको चलन छ। धन इष्ट बन्न पुगेको छ, कुनै पनि मूल्यमा रातारात धनवान बन्ने होड चलेको छ । मूल्य नतिरी धन–ऐश्वर्य, रोबदाब, पद–प्रतिष्ठा र सुख–भोग पाउने क्रम निर्बाधरूपमा चलिरहेको छ। यस्तोमा थाहै हुँदैन कि मानिस कुन क्षण भ्रष्टाचारमा लिप्त हुन पुग्छ । समाचारपत्रहरूमा सधैं पहिलो पानामैं भ्रष्टाचारका नित्य नयाँ रेकर्डको ब्रेकिङ न्युज पढ्न पाइन्छ।

**यस विडम्बना एवं त्रासदिबाट मुक्त हुने मार्ग सादा जीवन–उच्च विचारको दर्शन मात्र हो। शान्ति, आराम र आनन्दका साथ सफल–सार्थक जीवनयापन यसै आधारमा सम्भव छ र यसका साथै जुन समय, ऊर्जा र मनोयोगको बचत हुन्छ, त्यसका आधारमा जीवनका महत्तर कार्य सम्भव हुन्छन् ।**

उनीहरू वन–उपवनमा, प्रकृतिको काखमा, आश्रममा बस्दथे तथा आफ्नो गुरुकुलबाट लोक–परलोक सिद्ध गर्ने खालका शिक्षा एवं विद्यारूपी ज्ञानयज्ञको सञ्चालन गर्दथे।

उनका त्याग–तपस्या एवं सादगीपूर्ण सादा जीवन–उच्च विचारकै प्रताप हो कि जनमानसको हृदयमा उनकाप्रति विशिष्ट श्रद्धा थियो तथा सामान्य घरदेखि राजघरानाका बच्चाहरू शिक्षा एवं विद्या आर्जनका लागि उनका समीप आउँथे। प्रत्येक युगमा ऋषिहरूका यस्ता गुरुकुल–आश्रमहरूको वर्णन पाइन्छ ।

त्रेतायुगमा राजकुमार रामसहित भाइ लक्ष्मण, भरत, शत्रुघ्न वनमा महर्षि विश्वामित्रको गुरुकुलमा विद्या–आर्जनका लागि गएका थिए । यसैप्रकार द्वापर युगमा सुदामादेखि राजकुमार कृष्ण–बलरामले पनि संदीपनि ऋषिको गुरुकुलमा वास गरे ।

आज परिस्थिति भिन्न छ, तर शान्तिकुञ्ज आश्रममा परमपूज्य गुरुदेवले अखिल विश्व गायत्री परिवारलाई सादा जीवन–उच्च विचारको उत्तराधिकार दिएका छन्। युगऋषि पूज्यवर पुरातन ऋषि परम्पराका संवाहक थिए, जो जङ्गलमा कुटी बनाएर साधना गर्दथे, न्यूनतममा निर्वाह गर्दै, मानव चेतनाको अनुसन्धान र लोकसेवामा तल्लीन रहन्थे।

आज लाखौं–करोडौं मानिस यसै ऋषि परम्परा अन्तर्गत ऋषियुग्मसँग जोडिएर गायत्री परिवारको अभिन्न अङ्ग बन्दै आफ्नो क्षमता र योग्यता अनुरूप गुरुकार्यमा, ईश्वरीय कार्यमा आफ्नो योगदान दिइरहेका छन् ।

यो गुरुदेवको हाम्रा लागि एउटा महान् विरासत हो, जसको पछाडि गहिरो दर्शन लुकेको छ, जसको आफ्नो गहिरो मनोविज्ञान छ। उनी भन्दथे–हामी गरीब छैनौं, यो हामीले ओढेको गरीबी हो । कसरी न्यूनतममा पनि गुजारा चल्न सक्छ, यसको प्रशिक्षण, उदाहरणका साथ हामी आफ्नो जीवनबाट दिइरहेका छौं; किनकि बाहिर जमाना देखावटी, तडक–भडक, फिजुलखर्ची, फेसन र आडम्बरको छ, जसका कारण जीवन नारकीय बनेको छ, परिवार र समाजमा गलत रीतिहरूको प्रचलन बढेको छ र मानिसलाई लाग्दैन कि सादगीपूर्ण जीवन पनि सम्भव हुन्छ ।

आज अरूसँग अनावश्यक प्रतिद्वन्द्विताको ... के नेता, के अधिकारी र के कर्मचारी, सबै वर्ग यसमा संलिप्त रहेको पाइन्छ। पारिवारिकस्तरमा खर्चिलो बिहे यस्तै देखावटी आडम्बरको एउटा ठूलो उदाहरण हो । जसमा छिमेकीको देखासिकी लाखौं–करोडौं रुपियाँ पानीसरह बगाइन्छ। यसका साथै रक्सी, मांसाहारजस्ता आसुरी चलनलाई प्रोत्साहित गरिन्छ। सबैका लागि यस्तो खर्चिलो बिहे आफ्नो सामर्थ्यले सम्भव हुँदैन । यसका लागिड जमीन बन्धन राख्नुबाहेक बैंकबाट ठूलो ऋण लिनुपर्छ र पछि यसको भुक्तानी कसरी गरिन्छ त्यो कुरा त भुक्तभोगीलाई मात्र थाहा हुन्छ।

यस्ता मानिसको जीवन तनाव, अवसादले भरिएको नारकीय यन्त्रणाबाट गुज्रन बाध्य हुन्छ। सादगीपूर्ण जीवनको आदर्श अँगालेको भए यस्तो अवस्था आउने थिएन । पूज्य गुरुदेवले गायत्री परिवारका साधक परिकरहरूलाई यस्तो आडम्बरबाट मुक्त राखेका छन् । यहाँ न्यूनतम खर्चमा, सादगीपूर्ण वातावरणमा, विधि–विधानका साथ विवाह संस्कार गर्ने चलन आरम्भ गरिएको छ ।

समाजमा त थाहा पनि हुँदैन कि पण्डितजीले के मन्त्र पढे र त्यसको अर्थ के हो, अनि त्यसैले जनतालाई पनि यसमा बढी रुचि हुँदैन। उनीहरूको सम्पूर्ण ध्यान त विवाह संस्कारको मूल प्रेरणाभन्दा बढी दुलहा–दुलहीको साजसज्जा र दाइजोमा दिइएको विभिन्न बहुमूल्य सामग्री र साथै बाह्य चमकदमकमा बढी रहन्छ ।

वास्तवमा सादा जीवनमा चुनौती दुई किसिमले आउँछ । एउटा हुन्छ–परिस्थितिजन्य, जसमा समाजको दबाब प्रधान हुन्छ। यसले गर्दा समाजमा प्रचलित रूढिले सामान्य मानिस भुवाजस्तो उड्नका लागि आफूलाई विवश अनुभव गर्छ। उसलाई लाग्दछ कि जब दुनियाँमा सबैले यस्तै गरिरहेका छन् भने म पनि किन नगरूँ ? दोस्रो चुनौती आन्तरिक मनःस्थितिजन्य हुन्छ–जसमा आफ्नै इच्छा, आकाङ्क्षा, महत्त्वाकाङ्क्षा, भय र दुर्बलताहरू पर्दछन्, जसले गर्दा अनौचित्यको विरोध गर्ने साहस एकत्र हुन सक्दैन। तथा अहंताको त कुनै अन्त नै हुँदैन। सम्पूर्ण जीवन यसैमा समर्पित गरिदिने हो भने पनि, यीबाट सन्तुष्ट हुन सकिंदैन।

मानिसले यिनको लपटमा आफ्नो आत्मा, स्वाभिमान र इमानदारी झोसेको देखिन्छ र इमानदारी गुमाएर, आत्मा बेचेर, स्वाभिमानलाई बन्धक राखेर यदि यिनको पूर्ति गर्नुपर्‍यो भने यसलाई महँगो मूल्य तिरेको मान्नुपर्छ ।

आफूलाई गुमाएर संसारमा केही पाइयो त के पाइयो ?

यसमा तात्कालिक सुख–समृद्धि, रोबदाब र वाहवाहीको देखावटी भ्रम अवश्य हुन सक्छ, तर यसका साथ जुन कर्मको भारी थपिन्छ, पुण्यको क्षय हुन्छ, जीवनमा तनाव–अवसाद, भय, अशान्ति छरिन्छ, यिनका बीच दीर्घकालमा रोग–शोक, तिरस्कार एवं पतन–पराभवको पृष्ठभूमि मात्र तयार हुन्छ ।

पारिवारिक स्तरमा कलह–क्लेश, तनाव–अशान्ति तथा सामाजिक स्तरमा ईर्ष्या–द्वेष, भ्रष्टाचार, अपराध तथा अवाञ्छनीय चलनको शुरूआतजस्तो विडम्बना जोडिन पुग्छ, जुन कुनै सभ्य–सुसंस्कृत समाजका लागि उपयुक्त मान्न सकिंदैन ।

यसले गर्दा कैयौं ठूला नेता, अधिकारी, भ्रष्ट कर्मचारी जेलको हावा खाइरहेका छन्, आफ्नो इज्जत गुमाइसकेका छन् र यस सुरदुर्लभ मानव जीवनलाई दुई कौडीको भाउमा गुमाएका छन्।यस विडम्बना एवं त्रासदिबाट मुक्त हुने मार्ग सादा जीवन–उच्च विचारको दर्शन मात्र हो । शान्ति, आराम र आनन्दका साथ सफल–सार्थक जीवनयापन यसै आधारमा सम्भव छ र यसका साथै जुन समय, ऊर्जा र मनोयोगको बचत हुन्छ, त्यसका आधारमा जीवनका महत्तर कार्य सम्भव हुन्छन् ।

समाजसेवाको प्रयोजन सिद्ध हुन्छ र लोकसेवाका साथै आध्यात्मिक लाभ एवं जीवनका समग्र उत्कर्षको उच्चस्तरीय उद्देश्य पूरा हुन्छ।

# सार्वजनिक उद्यम उधोगतितिर किन ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**सार्वजनिक संस्थानहरूको व्यवस्थापकीय दक्षता र प्रतिस्पर्धात्मक क्षमताका लागि निजी क्षेत्रलाई सहभागी गराएर सरकार उदार साझेदारको भूमिकामा रहन सक्दछ। राज्यको हस्तक्षेपकारी भूमिका भएसम्म निजी क्षेत्र साझेदारीमा सकारात्मक हुँदैन ।**

सरकारी स्वामित्वमा रहेका ४४ वटा सार्वजनिक संस्थानमध्ये १५ वटा घाटामा र तीन वटाको कारोबार शून्य देखिएको तथ्याङ्क सरकारले हालै सार्वजनिक गरेको छ । नाफामा रहेको भनिएका २६ वटा संस्थानमध्ये पनि एकाधबाहेक अधिकांशको नाम मात्रको नाफा देखिएको छ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१ ले देखाएको यो अवस्था अहिले अस्तित्वमा रहेको उद्यमको हो । सरकारले नै चलाएका कतिपय उद्यम त बन्द भइसकेका छन्, कतिलाई सरकारले खारेज गरेको छ। वार्षिक स्थिति समीक्षा अनुसार आर्थिक वर्ष (आव) २०७९–८० सम्म अस्तित्वमा रहेकामध्ये त्यस्तो अवस्था देखिएको हो । कानूनीरूपमा जीवितै हालतमा भए पनि कति उपक्रम बन्द अवस्थामा छन् । यस्ता उद्यम सञ्चालनको कुरा सत्तासीनका लागि स्टन्टको उपायबाहेक अरू केही लाग्न छोडेको छ। वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग, भृकुटी कागज कारखाना, नेशनल ट्रेडिङ, हेटौंडा कपडा उद्योग इत्यादि सरकारी असफलताका नमूना उद्योगहरू हुन् ।

सार्वजनिक संस्थानमा सरकारको लगानी ६ खर्ब ६१ अर्ब १० करोड ७४ लाख रुपियाँ पुगेको छ। यस्ता उद्यममध्ये २० वटा सरकारको पूर्ण स्वामित्वमा सञ्चालित छन्। सरकारी स्वामित्वका उद्यमको अवस्थाबारे यो तथ्यले उजागर गरेको सत्य के हो भने सरकारको काम उद्योग र व्यापार चलाउने होइन, र यो सरकारको दक्षतामा भरपर्ने कुरा पनि होइन । सरकारले उद्यम व्यापारमा लगानीको वातावरण बनाउने हो। आम उपभोगका वस्तुमा कालोबजारी नहोस् र आम जनता मर्कामा नपरोस् भन्नका लागि प्रभावकारी नियमन बनाउने हो । तर, असफलताको सूचीको यस्तो परिदृश्यमा पनि सरकारलाई व्यापार गर्ने ध्याउन्नले छोडेको छैन। विद्युत् उत्पादन कम्पनी लिमिटेड र राष्ट्रिय प्रसारण ग्रीड यसका उदाहरण हुन्। हामीकहाँ त पछिल्लो समयमा सरकारमात्र होइन, सरकार मातहतका निकायहरूलाई नै व्यापार र ठेक्कापट्टामा सहभागी हुने लहड जागेको छ।

दूरसञ्चारको क्षेत्रमा प्रतिस्पर्धी कम्पनीको प्रवेशसँगै प्रविधि र सेवामा सुधार थालेको नेपाल दूर सञ्चार कम्पनीको व्यावसायिक सफलतालाई अपवाद मान्ने हो भने सरकारी लगानी भएका त्यस्ता संस्थानमात्र सफल भएका छन्, जसलाई सरकारले एकाधिकारको चाँजोपाँजो मिलाइदिएको छ। एकाधिकार पाएका यस्ता सरकारी संस्थानको सेवा प्रवाह र मूल्यमा मनपरीकै कारण अधिक नाफा आर्जन हुन सकेकोमा विवाद आवश्यक छैन । प्रतिस्र्धामा निजी कम्पनीको प्रवेश नभएको भए टेलिकम पनि नेपाल आयल निगम र विद्युत् प्राधिकरणजस्ता सेवामा मनपरी मचाउने संस्थानको सूचीमा आउने थियो । अझै पनि टेलिकमको सेवाको गुणस्तरमा उपभोक्ताको सुखद र सन्तोषजनक अनुभव छैन। आज पनि कुनै सरकारी स्वामित्वका प्रतिष्ठानहरूको सेवा प्रवाहप्रति आम उपभोक्ता सन्तुष्ट छैन । त्यसैले यस्ता व्यापारमा प्रतिस्पर्धा भित्र्याउने माग निरन्तर उठ्दै आएको छ। एकाधिकार पाएमात्र नाफामा जाने हो भने त्यस्तो व्यवस्थापनको दक्षता र सरकारको नियतमाथि स्वाभाविकरूपमा प्रश्न उठ्छ। सरकार यसमा निरन्तर उदासीन छ ।

सरकारी स्वामित्वका संस्थानको आयमा १४.८७ प्रतिशतले वृद्धि हुनुमा यस्तै प्रतिष्ठानको आयको योगदान अग्रस्थानमा देखिएको छ। यसरी उच्च नाफा वृद्धि हुनुमा नेपाल आयल निगममा आव २०७८–७९ मा ३८ अर्ब १७ करोड ७८ लाख रुपियाँ घाटा रहेकोमा गत वर्ष २०७९–८० मा ११ अर्ब ७२ करोड ३० लाख रुपियाँ नाफा हुनुलाई सरकारी प्रतिवेदनले नै कारणको रूपमा अघि सारेको छ। नेपाल विद्युत् प्राधिकरणले ९ अर्ब ४० करोड र दूरसञ्चार कम्पनीले ७ अर्ब ९२ करोड रुपियाँ नाफा देखाएका छन् । तर प्राधिकरणको नाफा कृत्रिम रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएबाट यसमा संशय उत्पन्न भएको छ । नाफामा रहेकामध्ये पनि अधिकांश संस्थानहरूको नाफामा कमी आएको अर्थ मन्त्रालयको तथ्याङ्कले देखाएको छ । यस्ता प्रतिष्ठानहरूमा प्रशासनिक र सञ्चालन खर्च वृद्धि भएको देखिन्छ । दायित्व, ऋणको साँवा र ब्याज बढ्दै गएका यस्ता संस्थानबाट सरकारलाई आउने लाभ भने घट्दै गएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

सबैभन्दा बढी घाटा हुने संस्थानमा नेपाल वायु सेवा निगम र नेपाल खानेपानी संस्थान छन्। कुल नोक्सानीमध्ये सर्वाधिक घाटामा रहेका पाँच संस्थानको नोक्सानीको दुईतिहाईभन्दा बढी अंश समेटेको सरकारी आँकडा छ । अहिलेसम्म ५० अर्ब ६२ करोड घाटा पुर्‍याएका संस्थानहरूको घाटा बितेको वर्ष मात्रै ३ अर्ब ३४ करोड १० लाख रुपियाँ देखिएको छ। लगातार ४ आर्थिक वर्षदेखि घाटामा गएको राष्ट्रिय ध्वजावाहक वायुसेवाले गत वर्ष ६५ करोड २९ लाख रुपियाँ घाटा बेहोरेको छ। यो व्यावसायिक उपक्रमको अद्यावधि नोक्सानीको आँकडा १६ अर्ब ३७ करोड पुगिसकेको अर्थ मन्त्रालयको तथ्याङ्क छ। नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग र नेपाल टेलिभिजनलगायत सरकारी स्वामित्वका प्रतिष्ठान वर्षौंदेखि नोक्सानमा चलेका छन्।

सरकारले एक समयमा निजीकरणमा दिएका १८ वटा सार्वजनिक संस्थानमध्ये १० वटा संस्थान नाफामा देखिएका छन् । स्वदेशमा अति प्रतिस्पर्धामा रुमलिएकाबाहेक अन्य यस्ता उद्योगलाई निजी क्षेत्रले नाफामा लगेको छ । उद्यमलाई नाफामा लैजाने दक्षता निजी क्षेत्रसँग हुन्छ। अपवादबाहेक निजी क्षेत्र स्वाभावले नै उत्पादनको लागत घटाउने र प्रतिस्पर्धी उत्पादनमा दक्ष हुन्छ। यसविपरीत कुनै पनि सार्वजनिक उद्यममा सरकारी व्यवस्थापन भद्दा र भद्रगोलको नमूना देखिएको हुन्छ। एकै प्रकृतिका उद्योग, सरकारले चलाउँदा टाट पल्टिने र निजी क्षेत्रले चलाउँदा उदाहरणीय नाफा दिने कसरी हुन्छ ? उदाहरणका लागि जनकपुर चुरोट कारखाना र सूर्य नेपाल प्रालिलाई लिन सकिन्छ। अति राजनीतीकरण र दक्षता नै नभएकालाई आस्थाका आधारमा नेतृत्वमा राख्नु, कार्यकर्ताको भर्ती केन्द्र बनाउनुजस्ता कारण नै सरकारी संस्थान डुब्नुको मूल कारण देखिएको छ ।

सरकारले निजी क्षेत्रले चलाएका उद्यमका घाटाको ब्यालेन्ससीट मान्दैन। राजस्वका निकाय ठान्छन्, व्यापार गरेपछि नाफा हुनैपर्दछ। कर उठाउनकै लागि जसरी पनि नाफाको वार्षिक ब्यालेन्ससीट बनाउनैपर्छ । व्यापारमा जसरी पनि नाफा हुनैपर्छ भन्ने मान्यता राख्ने सरकार स्वयं आफ्नो स्वामित्वका संस्थानहरूको घाटा विवरण सार्वजनिक गरिराखेको छ। व्यापारमा सधैं नाफा नै हुन्छ भन्ने छैन, घाटा पनि हुन्छ ।

अत्यावश्यक सेवाबाहेक अन्य क्षेत्रमा सरकारले व्यापारमा हात हाल्न हुँदैन । संस्थानहरूको पुनर्संरचना गर्ने हो भने व्यावसायिक दक्षता अभिवृद्धि गर्न सरकारले निजी क्षेत्रलाई जिम्मा लगाउनु पर्दछ । सार्वजनिक संस्थानहरूको व्यवस्थापकीय दक्षता र प्रतिस्पर्धात्मक क्षमताका लागि निजी क्षेत्रलाई सहभागी गराएर सरकार उदार साझेदारको भूमिकामा रहन सक्दछ । राज्यको हस्तक्षेपकारी भूमिका भएसम्म निजी क्षेत्र साझेदारीमा सकारात्मक हुँदैन। निरन्तर घाटामा गएर बोझ बनेका यस्ता उपक्रम निजी क्षेत्रले चलाउन सक्छ भने दिए हुन्छ, होइन भने यस्ता उपक्रममा सरकारी स्रोतको बर्बादीको सिलसिला बन्द हुनुपर्छ।

# देशभर तापक्रम घट्यो, कहाँ कति छ ?



तस्वीरः एजेन्सी

काठमाडौं, १९ जेठ/रासस

नेपालगंजमा यही जेठ १७ गते वर्षकै सबैभन्दा धेरै ४४ दशमलव दुई डिग्री सेल्सियस तापक्रम भयो । त्यसपछि धनगढीमा ४४ दशमलव एक डिग्री मापन भएको तापक्रम त्यसको दुई दिनपछि शनिवार देशभरकै तापक्रम घटेको छ।

ठाउँठाउँमा वर्षा भएकाले अधिकतम तापक्रममा गिरावट आएको जल तथा मौसम विज्ञमान विभागले जनाएको छ। विभागले आज साँझ ६ बजे अद्यावधिक गरेको तापक्रमको विवरण अनुसार रेकर्ड ब्रेक गरेको नेपालगंजको तापक्रम आज ४१ दशमलव चार डिग्रीमा झरेको छ। यस्तै, धनगढीमा ४० दशमलव सात डिग्री रहेको छ ।

सोही दिन पोखरामा ३४ र काठमाडौंमा ३४ दशमलव चार डिग्री तापक्रम मापन भएकामा आज झरेर पोखरामा अधिकतम तापक्रम ३१ दशमल पाँच र काठमाडौंमा ३२ डिग्री रहेको छ। जेठ १७ गते बिहीवार विराटनगरमा ४१ डिग्री थियो आज त्यहाँ ३४ मा झरेको तथा दाङको घोराहीमा ४० दशमलव दुई डिग्री रहेकामा आज ३५ दशमलव दुई डिग्रीमा झरेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले सार्वजनिक गरेको देशभरको तापक्रम मापनको विवरण अनुसार आज दिपायलमा ३९ दशमलव चार, वीरेन्द्रनगरमा ३८ दशमलव एक, डडेलधुरामा ३१ दशमलव चार, जुम्लामा २८ दशमलव नौ, भैरहवामा ३७ दशमलव दुई, सिमरामा ३६ दशमलव छ, ओखलढुङ्गामा २८, ताप्लेजुङमा २६ दशमलव आठ र धनकुटामा ३० दशमल पाँच डिग्री अधिकतम तापक्रम मापन भएको छ।

यस्तै, जोमसोममा २२ दशमलव पाँच, धरानमा ३३ दशमलव छ, लुम्लेमा २५ दशमलव पाँच, जनकपुरमा ३५ दशमलव आठ र दोलखाको जिरीमा २४ दशमलव चार डिग्री तापक्रम मापन भएको महाशाखाले जानकारी दिएको छ।

आज नेपालमा स्थानीय वायु, पश्चिमी वायुको आंशिक प्रभावसँगै भारतको पश्चिम उत्तर प्रदेशदेखि पश्चिम बङ्गलादेशसम्म फैलिएको न्यून चापीय क्षेत्रको पनि आंशिक प्रभाव छ।

हाल कोशी, बाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहेको छ। कोशी, बाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटचाङ, हावाहुरीसहित हल्का वर्षा भएको छ।

आगामी २४ घण्टामा कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा तथा बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ। देशका उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## यमनमा घातक आक्रमणपछि हुथी समूहद्वारा अमेरिकी जहाजमा आक्रमण

साना (यमन), १९ जेठ/एएनआई

यमनमा अमेरिका र बेलायतले हालै गरेको घातक आक्रमणको जवाफमा हुथी समूहले लाल सागरमा संयुक्त राज्य अमेरिकाको जहाजमा मिसाइल आक्रमण गरेको छ ।


तस्वीरः एजेन्सी

यमनको होदेइदाह प्रान्तमा अमेरिका र बेलायतको संयुक्त आक्रमणमा कम्तीमा १६ जनाको मृत्यु भएको समूहको दाबीपछि हुथी सैन्य प्रवक्ता याहया सारीले शुक्रवार आइसेनहावर जहाजमा आक्रमणको घोषणा गरेका थिए । हुथी नियन्त्रित च्यानल अल मासिराह टेलिभिजनले बिहीवारको आक्रमणको नतीजा खुलासा गर्दै होदेइदाहमा घाइते नागरिकको उपचार भइरहेको फुटेज प्रसारण गरेको थियो । उक्त आक्रमणमा कम्तीमा ४२ जना घाइते भएका बताइएको छ ।

“अमेरिकी-बेलायती आक्रमणले हामीलाई प्यालेस्टाइनको समर्थनमा सैन्य कारबाही जारी राख्नबाट रोक्न सक्दैन, विद्रोहीले बढ्दो तनावको सामना गर्नुपर्नेछ”-हुथी अधिकारी मोहम्मद अल-बुखाइतीले सामाजिक सञ्जाल एक्समा भनेका छन् ।

बेलायती प्रधानमन्त्री ऋषि सुनकले आक्रमणलाई ‘हुथीविरुद्ध आत्मरक्षाको एक रूप’ रहेको बताएका छन् ।

इरान समर्थित हुथी समूहले पश्चिमी समर्थित र साउदी नेतृत्वको गठबन्धनविरुद्ध लगभग एक दशकको द्वन्द्वपछि यमनको महत्त्वपूर्ण भाग नियन्त्रणमा लिएको हो । गाजामा इजरायलको चलिरहेको द्वन्द्वबीच उनीहरूले प्यालेस्टिनीलाई समर्थन गरेका छन् । उनीहरूले नोभेम्बरदेखि लाल सागर, बाब अल-मन्डेब जलडमरूमध्य र एडनको खाडीमा जहाजमा बारम्बार ड्रोन र मिसाइल आक्रमण शुरू गरेका छन् ।

इरानले अमेरिका-बेलायतको आक्रमणलाई ‘यमनको सार्वभौमिकता र क्षेत्रीय अखण्डता, अन्तर्राष्ट्रिय कानून र मानव अधिकारको उल्लङ्घन’ भएको भनेर निन्दा गरेको छ ।

“आक्रमणकारी अमेरिका र बेलायती सरकार यमनी जनताविरुद्ध यी अपराधको परिणामका लागि जिम्मेवार छन्”-इरानी विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले भने । अमेरिकी समुद्री प्रशासनका अनुसार हुथीले ढुवानी जहाजमा ५० भन्दा बढी आक्रमण गरेका छन्, जसको परिणामस्वरूप हताहत, जहाज कब्जा र विश्वव्यापी व्यापार मार्गमा अवरोध आएको छ ।

हुथीले ढुवानी कम्पनीलाई वैकल्पिक मार्ग खोज्न बाध्य पारेका छन् । जसका कारण लाल सागर पार गर्ने विश्वव्यापी व्यापारको लगभग १२ प्रतिशत जहाजलाई असर गरेको छ ।

हुथीको क्षमता घटाउने उद्देश्यले अमेरिका र बेलायतले संयुक्त हमला गरे पनि विद्रोहीले आक्रमण जारी राखेका छन् ।

पछिल्लो कारबाहीमा उनीहरूले ग्रीसको स्वामित्वमा रहेको ढुवानी जहाज र अन्य जहाजमा आक्रमण गरेको अल-जजिराले जनाएको छ । रासस


शुक्लाफाँटा नगरपालिका-१० झलारीका किसानले मेशीनको सहायताले रोप्नका लागि प्लास्टिकको ट्रेमा तयार गरेको धानको बीउ । प्रधानमन्त्री आधुनिकीकरण परियोजनाको अनुदानमा किसानले २५ बिघा जग्गामा आधुनिक तरीकाले खेती गर्न बीउ तयार गरेका छन् । तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

## इच्छानगर सुधारिएको बाख्राखोर नमूना गाउँ घोषणा

चिरञ्जीवी सापकोटा, ठोरी, १९ जेठ/

ठोरी गाउँपालिका-२ इच्छानगर सुधारिएको बाख्राखोर नमूना गाउँ घोषणा गरिएको छ । शुक्रवार गापाध्यक्ष लालबहादुर श्रेष्ठले इच्छानगरलाई सुधारिएको बाख्राखोर नमूना गाउँ घोषणा गरेका थिए ।



तस्वीरः प्रतीक

निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिले आयोजना गरेको सुधारिएको बाख्राखोर नमूना गाउँ घोषणा कार्यक्रममा गापाध्यक्ष श्रेष्ठले इच्छानगरलाई सुधारिएको बाख्राखोर नमूना गाउँ घोषणा गरेको निर्मल-ठोरी उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए ।

अध्यक्ष श्रेष्ठले कृषिको माध्यमबाट आयआर्जन गरी सामाजिक तथा आर्थिक रूपान्तरण गर्न सकिने बताए । उनले कृषि समूह गठन गरी आआफ्नो समूहको योजना लिएर पालिकामा आए पालिकाले सक्दो सहयोग गर्ने बताए ।

कार्यक्रममा वडाध्यक्ष अमृतकृष्ण सापकोटाले नमूना गाउँ घोषणा गरेर मात्र नहुने भन्दै कृषकलाई टेवा पुग्ने विभिन्न कार्यक्रम लागू गर्दै निरन्तरता दिन सुझाए ।

निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले वन्यजन्तुबाट अतिप्रभावित इच्छानगरलाई आफूले विशेष प्राथमिकतामा राखी काम गरिरहेको बताए । उनले आगामी दिनमा अझ प्राथमिकतामा राखी कार्य गर्ने बताए ।

तराई भूपरिधि कार्यक्रम कोहलपुर, बाँकेको सहयोगमा विगत केही वर्षदेखि इच्छानगरमा सुधारिएको बाख्रा खोर निर्माण कार्य हुँदै आएको र अहिले ८२ प्रतिशतभन्दा बढी घरमा सुधारिएको बाख्राखोर निर्माण कार्य सकिएको हुँदा इच्छानगरलाई सुधारिएको बाख्राखोर नमूना गाउँ घोषणा गरिएको निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बस्नेतले बताए ।

## भारतमा आज लोकसभा निर्वाचनको अन्तिम चरणको मतदान

नयाँ दिल्ली, १९ जेठ/एएनआई

भारतमा शनिवार लोकसभा निर्वाचनका लागि सातौं तथा अन्तिम चरणको मतदान भएको छ । यस निर्वाचनका लागि सात राज्य र एक केन्द्र शासित प्रदेशका ५७ सिटमा मतदान भएको छ ।

पञ्जाब र उत्तर प्रदेशका १३/१३ सिट, पश्चिम बङ्गालका नौ सिट, बिहारका आठ, उडिसाका छ, हिमाचल प्रदेशका सबै चार सिट, झारखण्डका तीन सिट र चण्डीगढको एक सिटमा आज मतदान भएको छ ।

लोकसभा चुनावको अन्तिम चरणको प्रचारप्रसार बिहीवार साँझ सम्पन्न भएको थियो । प्रधानमन्त्री नरेन्द्र मोदी, काङ्ग्रेस नेता राहुल गाँधी र अन्य धेरै दलका नेता अन्तिम चरणको निर्वाचनमा चुनावी मैदानमा छन् । यो निर्वाचनमा कुल ९०४ जनाले उम्मेदवारी दिएका छन् ।

सात चरणको लोकसभा चुनावको लामो प्रचारका क्रममा प्रधानमन्त्री मोदी ७५ दिनमा दुई सयभन्दा बढी प्रचार कार्यक्रममा सहभागी भए । यसमा र्‍यालीहरू सडक प्रदर्शनीहरू समावेश थिए ।

आफ्नो चुनावी अभियान समाप्त गरेपछि प्रधानमन्त्री मोदी बिहीवार साँझ तमिलनाडूको कन्याकुमारीमा विवेकानन्द रक मेमोरियलमा ध्यानका लागि पुगेका थिए । ध्यान आजसम्म जारी रहनेछ । ध्यानमण्डपममा स्वामी विवेकानन्दले ध्यान गरेको ठाउँमा प्रधानमन्त्री मोदीले दिनरात ध्यान गरेको बताइएको छ ।

लोकसभा चुनावको अघिल्लो छ चरणका मतदान अप्रिल १९, अप्रिल २६, मे ७, मे १३, मे २० र मे २५ मा भएका थिए । मतगणना जून ४ अर्थात् मङ्गलवार शुरू हुनेछ र नतीजा सोही दिन आउने अपेक्षा गरिएको छ । रासस

## स्वास्थ्य शिविर सम्पन्न

प्रस, रौतहट, १९ जेठ/

मध्यपूर्वी पृतना हेडक्वाटर तथा श्री नं २८ वाहिनी अड्डाको पहलमा वीरदल गणको संयोजकत्वमा गढीमाई नगरपालिकाको सहकार्य तथा अन्य सरोकारवाला निकायहरूको सहभागितामा शनिवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।



गढीमाई नगरपालिका वडा नं १ समनपुरस्थित शङ्कर गुदर माध्यमिक विद्यालय परिसरमा सञ्चालित शिविरमा दुई हजार एक सयजनाको स्वास्थ्य परीक्षण गरिएको आयोजकले जनाएको छ । शिविरमा तीन हजारजनाको स्वास्थ्य परीक्षण गरेर औषधि वितरण गरिने उद्देश्यका साथ सञ्चालित शिविरमा बिहानैदेखि महिला तथा पुरुषहरू अत्यधिक गर्मीको परवाह नगरी उत्साहका साथ लामबद्ध भई नाम दर्ता गराएका थिए ।

शिविरमा बालरोग, स्त्रीरोग, नाक, कान, घाँटी रोग, दीर्घरोगी, नेत्ररोग, छालारोगलगायत विभिन्न रोगको परीक्षणको समुचित व्यवस्थापन मिलाइएको थियो । शिविरमा दुई हजार एक सयजनाको स्वास्थ्य परीक्षण गरी औषधिका साथै आवश्यक स्वास्थ्य सल्लाह दिएको वीरदल गणका गणपति एवं प्रमुख सेनानी गङ्गाबहादुर विष्टले बताए ।

शिविरमा चितवन मेडिकल कलेज, सिभिल हस्पिटल चन्द्रपुर, प्रादेशिक अस्पताल गौरका चिकित्सकहरूले स्वास्थ्य परीक्षण गरेका थिए । शिविरमा नेपाल नेत्र ज्योति सङ्घ गौर आँखा अस्पताल, नेपाल आई केयर सेन्टर गौर, त्रिनेत्र आँखा अस्पताल गौरले ९७६ जनाको आँखाको परीक्षण गरेका थिए । जसमध्ये ७८ जनामा मोतीबिन्दु फेला परेको र उनीहरूको निश्शुल्क शल्यक्रिया गरिने, ३३६ जनालाई चश्मा र ३९८ जनालाई औषधि वितरण गरिएको प्रमुख सेनानी विष्टले बताए ।

शिविरमा गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादव, जिल्ला समन्वय समितिका सभापति रामअयोध्या यादव, प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईं, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनय सिंह, सहायक रथी राजेन्द्रमणि गिरीलगायत गढीमाई नगरपालिकाका निर्वाचित जनप्रतिनिधि, स्थानीय भद्रभलादमीलगायत सञ्चारकर्मीहरूको सहभागिता थियो ।

## अफगानिस्तानमा डुङ्गा दुर्घटना हुँदा २० जनाको मृत्यु

काबुल, १९ जेठ/एएफपी

अफगानिस्तानको पूर्वी नङ्गरहार प्रान्तमा शनिवार नदी पार गर्ने क्रममा डुङ्गा डुब्दा २० जनाको मृत्यु भएको प्रान्तीय अधिकारीले बताएका छन् ।

पूर्वी नङ्गरहारको मोमन्डदारा जिल्लाको बसावल क्षेत्रमा शनिवार बिहान ७ बजे महिला तथा बालबालिका बोकेको डुङ्गा नदीमा डुबेको प्रान्तको सूचना विभागका प्रमुख कुराइसी बद्लुनले सामाजिक सञ्जाल एक्सको एउटा पोस्टमा सार्वजनिक गरेका छन् ।

अधिकारीका अनुसार दुर्घटनामा परेका पाँचजना बाँचेका छन् । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ ।

नङ्गरहार सूचना तथा संस्कृति विभागले मिडियालाई दिएको सन्देशमा अधिकारीले उक्त क्षेत्रमा मेडिकल टोली र एम्बुलेन्स पठाएको बताएका छन् ।

कम्तीमा पाँचवटा शव निकालिएको तथा अरूलाई खोज्ने प्रयास भइरहेको प्रान्तीय सरकारी अधिकारीले बताए ।

नजीकै पुल नहुँदा यस क्षेत्रका बासिन्दा प्रायः खराब अवस्थामा डुङ्गा प्रयोग गरेर नियमित नदी पार गर्ने गरेको स्थानीय मिडियाले जनाएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – धनलाभ |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यभय |
| सिंह – वादविवाद | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुभय | वृश्चिक – कार्यनाश |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – धनक्षति | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## बलात्कार मुद्दा गाउँमैं मिलापत्र गराउने चलखेल

प्रस, परवानीपुर, १९ जेठ/

पर्साको बहुदरमाई नगरपालिकामा घटित जबरजस्ती करणी मुद्दामा पीडक पक्ष दबाब दिएर मिलापत्र गराउने चलखेलमा लागेको छ । पीडक पक्षले पीडित महिलाको घरपरिवारलाई आर्थिक प्रभावमा पारी मुद्दा मिलापत्र गराउनेतर्फ चलखेल गरिरहेको बताइएको छ । पीडक पक्षले रु ५० हजार पीडित महिलाको घरपरिवारलाई दिएर उक्त मुद्दामा पीडित महिलाको बयान फेर्न लगाउने प्रयास गरिरहेको गाउँलेहरूले बताएका छन् ।

यस बलात्कार मुद्दालाई लिएर केही दिन अघि गाउँमैं पञ्चायती बसेर पीडित महिलाका नातेदारको रोहबरमा मुद्दा मिलापत्र गराउन दबाब दिइएको थियो । पीडक भीम यादवका भाइहरू प्रहरी अधिकृतमा कार्यरत रहेकाले यस्तो चलखेल भइरहेको बताइएको छ । गत वैशाख १२ गते साँझ करीब साढे ७ बजे २२ वर्षीया महिला आफ्नै घरमा एक्लै रहेको बेला ४४ वर्षीय भीम यादव निज महिलाको घरमा प्रवेश गरी मुख थुनेर बलात्कार गरेका थिए ।

सोको भोलिपल्ट पीडित महिलाले इलाका प्रहरी कार्यालय, पोखरियामा आफूमाथि बलात्कार भएको जाहेरी दिएपछि स्वास्थ्य परीक्षण एवं अनुसन्धानका अन्य प्रक्रिया शुरू भएका थिए । सो मुद्दामा जोहरी दर्ता भएपनि प्रहरीले हालसम्म पीडक यादवलाई पक्राउ गर्न सकेको छैन । हाल पीडक यादव फरार छन् । यस विषयमा इप्रका, पोखरियाका प्रहरी निरीक्षक राजन ढकालसँग बुझ्दा उनले यो मुद्दामा पीडकको नाममा पक्राउ पुर्जी जारी भइसकेको र अनुसन्धानको क्रममा पीडित होस्टाइल हुँदा पनि मुद्दामा केही फरक नपर्ने स्पष्ट पारे । उनले चाँडै पीडक यादवलाई पक्राउ गर्न मातहतका युनिटलाई निर्देशन दिएको बताए ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# जुगुवामा वन क्षेत्र कब्जा गर्ने प्रयास असफल

प्रस, निजगढ, १९ जेठ/

कोल्हवी नगरपालिका–५ जुगुवामा वन क्षेत्रको जमीन कब्जा गरी घेराबार गरी अतिक्रमण गर्ने प्रयास विफल भएको छ।

वन क्षेत्रको करीब आठ बिघा जमीन अतिक्रमण गरी तारबार गरी खेतीपाती गर्न थालिएको सूचना पाएसँगै डिभिजन वन कार्यालय, बाराको सशस्त्र वनरक्षक टोलीका प्रमुख नागेन्द्र बैठाको नेतृत्वमा शनिवार बिहान टोली खटेर घेराबार, तारबार हटाएको डिवका, बाराले जनाएको छ।



कोल्हवी नपा–५ जुगुवामा अतिक्रमण हटाउँदै सशस्त्र वन सुरक्षाकर्मी। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

वन क्षेत्रको जमीन कब्जा, अतिक्रमण गर्ने कार्य वन ऐन, कानूनविपरीत भएको र वन क्षेत्र मास्ने, कब्जा, अतिक्रमण गर्ने व्यक्तिहरूको पहिचान गरी कानूनी कारबाही गर्ने डिवका, बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले बताए।

# श्रद्धाञ्जलिसभा

प्रस, वीरगंज, १९ जेठ/

देशभक्त राजभक्त समूह पर्साले शनिवार वीरगंजस्थित महावीर मन्दिरअगाडि श्रद्धाञ्जलिसभा गरेको छ।

जेठ १९ गते राजा वीरेन्द्र शाहको वंशनाश हुनेगरी भएको दरबार हत्याकाण्डको सम्झनामा देशभक्त राजभक्त समूहले श्रद्धाञ्जलिसभा गरेर राजा वीरेन्द्र शाहप्रति श्रद्धाञ्जलि अर्पण गरेको थियो। समूहका अध्यक्ष दीपेन्द्र रौनियारको अध्यक्षतामा भएको श्रद्धाञ्जलिसभामा सतीश श्रीवास्तव, वीरेन्द्र थापा, महेन्द्र साह, ध्रुवसिंह ठकुरी, पृथ्वी चौहान, अञ्जु राणा शाह, रूपा पटेललगायतले श्रद्धाञ्जलि अर्पण गरेका थिए।




## डढेलोबाट बचौं र बचाऔं।

**सानो असावधानीले डढेलोबाट जङ्गल मात्र होइन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्।**

**त्यसैले,**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जङ्गल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जङ्गलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड







## नौ दिनमा छ लाख राजस्व सङ्कलन

प्रस, रौतहट, १९ जेठ/

जिल्ला ट्राफिक कार्यालय, रौतहटले नौ दिनमा रु छ लाख तीन हजार पाँच सय जरिवाना सङ्कलन गरेको छ। जेठ ९ देखि १७ गतेसम्म नौ दिनमा ५२५ जना सवारी चालकलाई सवारी नियम उल्लङ्घन गरेको कसूरमा कारबाही गरेर उक्त परिमाणको जरिवाना असुल गरिएको जिट्राप्रका, रौतहटले जनाएको छ।

छिमेकी राष्ट्र भारत, बिहार राज्यको सीतामढी र पूर्वी चम्पारण जिल्लामा लोकसभा निर्वाचनको समयमा ७२ घण्टापूर्व सीमानाका बन्द गरिएको र सोको एक दिन अगावैदेखि गौर भन्सार कार्यालयले भारतीय गाडीहरूको सशुल्क प्रवेशाज्ञामा रोक लगाएको थियो।

भन्सारले एक दिनअगावै रोक लगाएको कारण थुप्रै भारतीय सवारीसाधनहरू गौरमा घेरिएका थिए र यसरी घेरिएका सवारीसाधनबाट ट्राफिक प्रहरीले जरिवाना असुल गरेको हो।

**बजेटमा ..**

जोड्दा करीब ४० प्रतिशतभन्दा बढी खर्च हुने भएकोले सरकार नै दालको मूल्य बढाउन तत्पर रहेको उनले बताए। उनले दालमा करको भार थप हुँदा दालको तस्करी बढ्ने, सरकारले राजस्व गुमाउने, रोजगारमा प्रत्यक्ष असर पर्ने, उपभोक्ताले गुणस्तरीय दाल नपाउने भनी उद्योगीहरूले चिन्ता व्यक्त गरेका छन्।

नेपालमा रु ३५ अर्बको लगानीमा ३५ वटा ठूला दाल उद्योग सञ्चालनमा छन् भने त्यहाँ पाँच हजारभन्दा बढी मानिसले रोजगार पाएका छन्।

# खेलकूदको संसार

## म्याग्दीलाई गण्डकी प्रदेशस्तरीय तारो खेलको उपाधि

म्याग्दी, १९ जेठ/ रासस

गण्डकी प्रदेशस्तरीय परम्परागत तारा खेलमा म्याग्दी 'ए'ले उपाधि जितेको छ। प्रदेश खेलकूद परिषद् गण्डकीको आयोजनामा म्याग्दीको सदरमुकाम बेनीमा शनिवार सम्पन्न फाइनल प्रतिस्पर्धामा कास्कीलाई झिनो तीन अङ्कले अग्रता लिंदै घरेलु टीम म्याग्दी च्याम्पियन भएको हो।

शुक्रवारबाट शुरू भएको खेलमा कास्कीले लगातार अग्रता लिए पनि दोस्रो दिन अन्तिम खेल बाँकी हुँदा म्याग्दी 'ए' ८७ का विरुद्ध ९० अङ्क प्राप्त गर्दै उपाधि विजेता बनेको हो। निकै प्रतिस्पर्धात्मक खेलमा तेस्रो स्थान प्राप्त गरेको मुस्ताङले ८६ अङ्क बटुल्यो।

म्याग्दीले नगद रु ७५ हजार, कास्कीले नगद रु ५० हजार र मुस्ताङले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारेका छन्। प्रतियोगितामा म्याग्दी 'ए'का विकल जुग्जाली सर्वश्रेष्ठ धर्नुधर घोषित हुँदै नगद रु पाँच हजार, विशिष्ट धर्नुधर भएका मुस्ताङका एरवेज गर्बुजाले नगद रु तीन हजार प्राप्त गरे।

प्रतियोगितामा गण्डकी प्रदेशका विभिन्न छ जिल्लाका ४२ जना खेलाडीको सहभागिता थियो। यसैगरी, आज बेनीमा भएको तेस्रो संस्करणको गण्डकी प्रदेशस्तरीय परम्परागत ठेलो खेलमा स्याङ्जाका दुजिक थापामगर विजेता भए।

बेनीको खुल्लामञ्च खेलमैदानमा सम्पन्न प्रतियोगितामा १४ दशमलव ३१ मिटरको दूरी फाल्दै थापा विजेता बनेका हुन्। यसैगरी, प्रतियोगितामा पर्वतका किरण विक दोस्रो बने। उनले १४ दशमलव २६ मिटरको दूरी फाले भने पर्वतका राजेन्द्र हमालले १३ मिटरको दूरी फाल्दै तेस्रो बने।

च्याम्पियन भएका दुजिकले नगद रु १५ हजार, किरणले नगद रु १० हजार र राजेन्द्रले नगद रु पाँच हजारका साथमा मेडल, प्रमाणपत्र र ट्रफी हात पारे। प्रतियोगितामा विभिन्न जिल्लाका १५ जना खेलाडीको सहभागिता थियो।

गण्डकी प्रदेश अन्तर्गत रहेका विभिन्न मौलिक र परम्परागत खेलहरूको संरक्षण, प्रवर्द्धन र जर्गेना गर्न परिषद्ले विगत तीन वर्षदेखि लगातार यस प्रकारका प्रतियोगिता आयोजना गर्दै आएको छ।

विजेता खेलाडीलाई पुरस्कार वितरण गर्दै बेनी नगरपालिकाका प्रमुख सुरतबहादुर केसीले समग्र म्याग्दीको खेल विकासका लागि यस प्रकारका प्रतियोगिता महत्त्वपूर्ण हुने जनाउँदै स्रोत अभावका कारण नगरमा धेरै खेल पूर्वाधार निर्माण कार्य अधूरो रहेको बताए।

## आगामी आवमा भलिबलका लागि आवासीय कभर्ड हल बनाउनेछु –खेलकुदमन्त्री

काठमाडौं, १९ जेठ/रासस

युवा तथा खेलकूदमन्त्री विराजभक्त श्रेष्ठले आगामी आर्थिक वर्षमा भलिबलका लागि आवासीय कभर्ड हल बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। मन्त्री श्रेष्ठले नेपालमा भलिबल खेलको निकै ठूलो सम्भावना रहेको बताउँदै खेल क्षेत्रको विकासका लागि सबै मिलेर लाग्नुपर्ने धारणा राखे।

शनिवार काठमाडौंमा शुरू भएको आठौं एनभिए महिला तथा पुरुष भलिबल प्रतियोगिताको उद्घाटन गर्दै उनले भने, "अहिलेकै बजेटमा पनि भलिबलका लागि एउटा गन्तव्यका रूपमा विकास गर्न खोजेको तर जग्गाप्राप्तिका यावत समस्याहरूले सकेका छैनौं, यसपटक भलिबलका लागि एउटा आवासीय कभर्ड हल बनाउन हामी सबै मिलेर सक्छौं कि भन्नेमा आशावादी छु।"

## शिक्षक भलिबल प्रतियोगिताको उपाधि जुगल गाउँपालिकालाई

सिन्धुपाल्चोक, १९ जेठ/रासस

पाँचपोखरी थाङ्पाल गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखाद्वारा आयोजित जिल्लास्तरीय शिक्षक भलिबल



प्रतियोगिताको उपाधि जुगल गाउँपालिकाले जितेको छ।

थाङ्पाल भ्याली माध्यमिक विद्यालय पाँचपोखरी–४ मा शनिवार सम्पन्न फाइनलमा मेलम्ची नगरपालिकालाई ३–१ को सेटमा पराजित गर्दै जुगलले उपाधि जितेको हो।

जुगलले उपाधिसँगै नगद रु ५० हजार र उपविजेता मेलम्चीले रु ३० हजार प्राप्त गरेका छन्।

आजै भएको सेमिफाइनलमा मेलम्चीले इन्द्रावती र जुगलले पाँचपोखरीलाई सोझो सेटमा पराजित गरेका हुन्। तेस्रो स्थानका लागि भएको खेलमा पाँचपोखरीले इन्द्रावतीलाई पराजित गर्दै नगद रु २० हजार प्राप्त गरेको छ।

प्रतियोगितामा जिल्लाका आठ पालिकाका नौ टीम सहभागी रहेका पाँचपोखरी खेलकूद विकास समितिका संयोजक ग्याल्बो साम्देनले जानकारी दिए।

हिजोदेखि शुरू भएको प्रतियोगितामा पाँचपोखरी थाङ्पाल गाउँपालिकाका–२ टीम, मेलम्ची नगरपालिका, इन्द्रावती गाउँपालिका, चौतारा सागाँचोकगढी नगरपालिका, जुगल गाउँपालिका, बलेफी गाउँपालिका, हेलम्बु गाउँपालिका, सुनकोशी गाउँपालिकाको सहभागिता थियो।

**स्थानीय ...**

स्थानीय तहले ठेक्का बन्दोबस्तीका नाममा उत्खनन मात्र होइन, संरक्षणमा पनि लगानी गर्न तत्परता देखाउनुपर्छ। "खोलाको बर्सेनि ठेक्का लगाइन्छ। अनि उत्खनन हुन्छ, तर संरक्षण हुँदैन," जानकारहरू गुनासो गर्छन्। स्थानीय पालिकाले आन्तरिक आम्दानी गरे पनि नदीजन्य पदार्थ उत्खनन भएका नदीखोलाहरूको संरक्षणका लागि कुनै योजना ल्याएको अहिलेसम्म सार्वजनिक गरेका छैनन्।

जिल्ला अनुगमन समिति, बाराले खोलाहरूको स्थलगत अनुगमन गर्दै बालगङ्गा र बकैया खोलामा उत्खनन गर्न ठेकेदार कम्पनीलाई पूर्णरूपमा रोक लगाएको र बाँकी नदीखोलाहरूको हकमा पनि निगरानीमा कडाइ गर्ने निर्णय गरेको जिल्ला समन्वय अधिकारी आमोद चौधरीले बताए। नदीजन्य पदार्थ उत्खननका लागि तयार पारिएको मापदण्ड अनुसार उत्खनन गराउने मुख्य जिम्मेवारी स्थानीय पालिकाहरूको हो। ठेकेदारले जथाभावी उत्खनन गर्दा त्यसलाई रोक्न पालिकाहरू अग्रसर हुँदैनन्। मापदण्डविपरीत चरम उत्खनन गर्दा नदीखोला किनारका वन क्षेत्रको जमीन कटान हुने, गहिरो खाडल बनाइएका कारण वन्यजन्तुहरूको ज्यानको जोखिम बढ्दै गएको छ।

पालिकाहरूले आन्तरिक आम्दानीको लागि नदीजन्य पदार्थको ठेक्का लगाए पनि मापदण्डलाई कडाइका साथ पालना गराउनु जरुरी रहेको राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ चितवनका प्रमुख श्यामबाबू लोप्चन बताउँछन्।

नदीजन्य पदार्थ उत्खननका निम्ति वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा स्थलगत अध्ययन गरी चुरे, वनजङ्गल, नदीखोला, वन्यजन्तु, मानवबस्ती र वातावरणीय असरलगायतलाई ध्यानमा राखी बनाउनुपर्ने र त्यसमा उल्लिखित मापदण्डले तोके अनुसारको कार्य गराउनुपर्ने प्रमुख लोप्चन बताउँछन्।

चुरे भएर बग्ने नदीखोलाहरूको आन्तरिक राजस्वको लागि ठेक्कामा लगाइ नदीजन्य पदार्थको जथाभावी उत्खनन गर्दा राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ चितवनले वर्षौंदेखि संरक्षणका लागि निरन्तर गरेका कार्यहरूलाई समेत नराम्ररी असर परेको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका प्राविधिक अनिल सिन्हा बताउँछन्।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत गरिएका संरक्षणका कार्यहरूमा सरोकारवाला सबै निकायले ध्यान दिनुपर्ने प्राविधिक सिन्हाले बताए।

मापदण्डमा तोकिएभन्दा कैयौं गुणा बढी परिमाणमा नदीजन्य पदार्थको उत्खननको प्रत्यक्ष असर माथिल्लो तटीय क्षेत्रमा पर्दै चुरे स्खलन भई मानवबस्ती पहिरोको उच्च जोखिममा छ भने पुल, ड्यामलगायतका संरचनासमेत जोखिममा छन्। आन्तरिक राजस्वको नाममा नदीजन्य पदार्थ निकाल्नै पर्छ भन्ने स्थानीय पालिकाहरूको सोचाइ नहटाउने हो भने यसबाट भविष्यमा आउन सक्ने प्राकृतिक विपत्तिको अनुमान गर्नुसमेत कहालीलाग्दो हुनेछ।